श्री

बारा जिल्ला अदालत

## सवारी साधनहरु लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र अह्वानको

## सूचना।।

<u>प्रथम पटक सुचना प्रकाशन मिति २०७९।०८।२७</u>

विभिन्न मुद्दामा दशी स्वरुप दाखिल हुन आई यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका सवारी साधनहरु जे जस्तो अवस्थामा छन सोही अवस्थामा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ (९) आर्थिक ऐन नियम समेत बमोजिम शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरी धरौटी खातामा जम्मा गर्नूपर्ने भएकोले मिति २०७९।५।२६ गतेको निर्णय र मिति २०७९।८।२० को मूल्याङ्कन समितिको निर्णयानुसार ईच्छुक ब्यक्ति, फर्म वा संस्थाले देहायका शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

| सि.नं. | लगत नं. | मुद्दा | मुद्दा नं. | इन्जिन नं. | चेचिस नं. | सवारीको किसिम | सवारी नं. | बनेको साल | प्राविधिकबाट भएको न्युन्तम मुल्यङ्कन (रु.) | मुल्याङ्कन समितिबाट भएको मुल्यङ्कन (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | 370 | लागू औषध | 075-C१-0139 | GHMD4G41253 | MAITA2GMK02G26171 | सेतो रंगको स्कार्पियो 2179 सिसि | BR-22P-5279 | २०१३ | रु.४,५०,०००।- | ४,५०,०००।- | |

तहसिलदार

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| २. | ३६९ | लागू औषध | 075-c१-0140 | 4751D105 BTZP20350 | 600142EWZ P43435 | टाटा ईनडिका कार | UP-53-AA1161 | | अनुमानित तौल १२०० केजी प्रतिकेजी रु. ५० को दरले हुने मोल रु.६०,०००।- | रु.६०,०००।- | Scrap |
| ३. | 375 | लागू औषध | 075-c१-0127 | TAN-VALN0008 | MAT464602 HSR11589 | टाटा योधा पिकअप | ना च ४. ३८७५ | २०१७ | रु.५,००,०००।- | रु.५,००,०००। - | |
| ४. | 459 | लागू औषध | 075-c१-0139 | DD44F22474 | 42F54973 | महिन्द्रा बुलेरो | BR-53-6386 | | अनुमानित तौल २६०० केजी प्रतिकेजी रु. ५० को दरले हुने मोल रु.१,३०,०००।- | रु.१,३०,०००। - | Scrap |

१.बोलपत्र फारम दस्तुर वापत रु.३,०००।–(तीन हजार) पछि फिर्ता नहुने गरी तिरी सुचना प्रकाशन भएको मितिले २१ औ दिनको कार्यालय समयभित्र बोलपत्र फारम खरिद गरी कार्यालयसमय भित्र यस अदालतमा दर्ता गरी सक्नु पर्नेछ।उक्त बोलपत्र फारम यस कार्यालयको तहसिल शाखाबाट लिन सकिनेछ।

२.लिलाम बिक्री गरिने मिति, समय र स्थानः- २२ औ दिन अर्थात २०७९ साल पौष २० गते बुधबार दिउँसो २:०० बजे देखि बारा जिल्ला अदालत,तहसिल शाखामा हुनेछ।सो दिन सार्वजनिक विदा पर्न गए सोको भोलिपल्ट सोही समय र स्थानमा हुनेछ ।

३.ईच्छुक इजाजत प्राप्त फर्मको हकमा फर्म संस्था दर्ताको प्रमाणित प्रतिलिपी, आ.ब.०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको र ब्यक्तिको हकमा प्यान नं. र नेपाली नागरिकताको प्रतिलिपी सहितको निवेदन यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

४.बोलपत्र दाखिला गर्दा खाममा बोलपत्रदाताको नाम, थर, ठेगाना, फोन नं.समेत अनिवार्य खुलाई लाहाछाप लगाई शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

५.बोलपत्रसाथ आफूले कबोल गरेका रकमको १० प्रतिशतले हुन आउने रकम यस अदालतको लेखा शाखामा धरौटमा जम्मा गरी रसिद पेश गर्नुपर्नेछ ।

तहसिलदार
रा.प. तृतीय

६.कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेको बोलपत्रलाई अक्षरलाई मान्यता दिइनेछ र केरमेट भएको स्थानमा सही गरेको हुनुपर्नेछ, अन्यथा मान्यता दिईनेछैन ।

७. दर्ता भएका बोलपत्रहरु २२ औ दिन (अर्थात २०७९।९।२० गते बुधबार )दिनको २ बजे बारा जिल्ला अदालत,कलैयामा खोलिनेछ र बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

८.लिलाम सम्बन्धि बोलपत्र स्विकृत भएपछि ७ सात दिनभित्र कबोल रकम दाखिला गरी सामान उठाई लैजानु पर्नेछ अन्यथा बोलपत्र रद्द गरी धरौटी जफत गरिनेछ ।

९.लिलाम हुने सवारी साधन हेर्न चाहने ईच्छुक महानुभावहरुले कार्यालय समय भित्रमा हेर्न सक्नेछन ।

१०.लिलाम गरिने सवारीसाधनहरु जे जस्तो अवस्थामा छन सोही अवस्थामा नै सकार गर्नु पर्नेछ।

११.बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्मपूर्ण अधिकार यस अदालतमा सुरक्षित हुनेछ।

१२.माथि कायम गरिएको मुल्यमा नेपालमा साबिकमै दर्ता भएको सवारीहरुको अन्य दस्तुर लिलाम सकार कर्ता स्वयंले तिर्नुपर्नेछ ।

१३. कैफियतमा Scrap उल्लेख भएको सवाहरीहरु दर्ता नहुने सवारीहरु हुन ।

१४.यसमा नपरेका शर्तहरु प्रचलित ऐन नियम बमोजिम हुनेछन।

तहसिलदार
रा.प. तृतीय